# गेरुवा गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ४ | संख्याः ३ | मिति : २०७७/०३/२२


भाग–२

## गेरुवा गाउँपालिकाको सूचना

नेपालको संविधानको धारा २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ उपदफा (१) बमोजिम बनेको गेरुवा गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७६ को दफा ४ बमोजिम गेरुवा गाउँ कार्यपालिकाले मिति २०७७/०३/२२ मा जारी गरेको देहाय बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संवत् २०७७ सालको नियम नं. १

## कोरोना भाईरसको संक्रमणको रोकथाम, नियन्त्रणमा संलग्न जनशक्तिको जोखिम भत्ता ब्यबस्थापन कार्यविधि, २०७७

# कोरोना भाईरसको संक्रमणको रोकथाम, नियन्त्रणमा संलग्न जनशक्तिको जोखिम भत्ता ब्यबस्थापन कार्यबिधि, २०७७

**प्रस्ताबना :-** कोरोना भाईरस (कोभिड-१९) को संक्रमणको पहिचान,रोकथाम, नियन्त्रण तथा उपचार, प्रेषण तथा ब्यबस्थापन सम्बन्धि कार्यमा संलग्न जनशक्तिलाई जोखिम भत्ता उपलब्ध गराउन बाञ्छनिय भएकोले यो कार्यबिधि बनाईएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ**

१.१ यस कार्यबिधिको नाम **कोरोना भाईरसको संक्रमणको, रोकथाम, नियन्त्रणमा संलग्न जनशक्तिको जोखिम भत्ता ब्यबस्थापन कार्यबिधि २०७७** रहेको छ ।

१.२ यो कार्यबिधि राजपत्रमा प्रकाशन भएको मिति देखि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यबिधिमा :-

२.१ **उपचार** भन्नाले कोभिड-१९ को संक्रमणको पहिचान, रोगथाम, नियन्त्रण तथा उपचार, प्रेषण र ब्यबस्थापन सम्बन्धी स्वास्थ्य सेवा सम्झनु पर्छ ।

२.२ **कोभिड- १९** भन्नाले sars -cov -2 भाईरसले गर्ने संक्रमणबाट मानिसलाई हुने रोग सम्झनु पर्छ ।

२.३ **प्रयोगशाला** भन्नाले कोभिड-१९ को परिक्षण गर्न सकिने प्रयोगशाला सम्झनु पर्दछ ।

२.४ **जोखिम भत्ता** भन्नाले कोभिड -१९ को संक्रमणको उपचारमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा संलग्न रहने जनशक्तिलाई यस कार्यबिधि बमोजिम प्रदान गरिने भत्ता सम्झनु पर्दछ ।

२.५ **गाउँपालिका** भन्नाले गेरुवा गाउँपालिका बर्दिया सम्झनु पर्दछ ।

२.६ **जनशक्ति** भन्नाले कोभिड-१९ को संक्रमण पहिचान, रोकथाम, नियन्त्रण तथा उपचार र प्रेषणमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा संलग्न देहाय बमोजिमका जनशक्ति सम्झनु पर्दछ ।

(क) स्वास्थ्यकर्मी

(ख) प्रयोगशालाकर्मी

(ग) सरसफाइमा संलग्न जनशक्ति

(घ) सुरक्षाकर्मी

(ज) सवारी साधन बाट मानिस ओसार पसार गर्ने सवारी चालक र सहयोगी जनशक्ति ।

(झ) प्रमुख प्रशासकीय अधिकृतले कोभिड-१९ को संक्रमणको पहिचान, रोगथाम, नियन्त्रण तथा उपचार,प्रेषण र ब्यबस्थापन सम्बन्धी कार्यमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा संलग्न रहेको भनी प्रमाणित गरेका जनशक्ति ।

**३. जोखिम भत्ता प्राप्त गर्न सक्ने :–** कोभिड- १९ को संक्रमणको उपचारमा संलग्न देहाय बमोजिमका काममा खटिएका जनशक्तिले जोखिम भत्ता प्राप्त गर्न सक्नेछन:-

(१) गेरुवा गाउँपालिका बाट विभिन्न स्थानमा खडा गरिएका हेल्थ डेस्कमा खटिएका ।

(२) स्वदेशको संक्रमण देखिएको जिल्ला बाट आएका व्यक्तिहरुको हेरचाह तथा निगरानीका लागि खडा गरिएका क्वारेन्टाइन केन्द्रमा खटिएका ।

(३) कोभिड १९ को संक्रमण हुन सक्ने शंका गरिएका विभिन्न नाकाबाट नेपाल प्रबेश गरेका स्वदेशी तथा विदेशी नागरीकलाई राखीएको क्वारेन्टाईनमा खटियका ।

(४) कोभिड - १९ को संक्रमण भएका र हुन सक्ने शंका गरिएका स्वदेशका बिभिन्न स्थान बाट आएका ब्यक्तिहरुलाई राख्नको लागी खडा गरिएका क्वारेन्टाइनमा खटिएका ।

(५) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह तथा अन्तर्गतका मन्त्रालय वा कार्यालय बाट खडा गरिएका अन्य कुनैपनि क्वारेन्टाईनमा खटिएका ।

(६) संक्रमणको शंकास्पद व्यक्तिलाई शुरु परीक्षण (स्क्रिनिंग) र सो कार्यमा सहयोग पुर्याउने तथा फिबर(ज्वरो) क्लिनिकमा खटिएका ।

(७) संक्रमित व्यक्तिलाई आइसोलेसनमा राखेको अवस्थामा त्यस्तो आइसोलेसन बेड तथा वडामा खटिएका ।

(८) संक्रमण भई उपचाररत रहेका व्यक्तिको उपचारमा खटिएका ।

(९) संक्रमणको शंकास्पद व्यक्ति तथा संक्रमणको पुष्टि भएका व्यक्तिको इमेजिङ सेवा प्रदायक जनशक्ति ।

(१०) कोभिड - १९ को संक्रमणको शंकास्पद व्यक्तिको नमुना संकलन,प्याकिङ र ढुवानीमा संलग्न जनशक्ति ।

(११) कोभिड - १९ को स्वास्थ्य आपतकालीन संचालन केन्द्रमा कार्य गर्न तोकिएका जनशक्ति ।

(१२) कोभिड - १९ का लागी केश अनुसन्धान तथा कन्टचाक्ट खोज पड्तालमा खटिएका जनशक्ति ।

(१३) कोभिड - १९ कालागी अनुगमन, मूल्यांकन, अभिलेख, प्रतिबेदन, ब्यबस्थापनमा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहयोग गर्नका लागी खटिएका जनशक्ति ।

**४. संलग्न गर्नुपर्ने विवरण तथा कागजात :-**

(१) जोखिम भत्ता प्राप्त गर्नाका लागी पुष्टयाँई सहितको देहाय बमोजिमका विवरण तथा कागजात संलग्न गरी प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नु पर्नेछ :-

(क) खटिएको स्थानमा काम गरेको बिबरण र प्रमाणित हाजिरी ।

(ख) क्वारेन्टाईनको हकमा क्वारेन्टाईनमा बसेका सेवाग्राही व्यक्तिलाई सेवा प्रदान गरेको विषय पुष्टयाँई गर्ने विवरण

(ग) फिबर (ज्वरो) क्लिनिकको हकमा फिबर क्लिनिकमा चेकजाँच गरेका व्यक्तिको महिना अनुसारको प्रतिबेदन ।

(घ) उपचारमा संलग्न जनशक्तिको हकमा शुरु परिक्षण गरेका, आईसोलेसनमा राखेका तथा संक्रमणको पुष्टी भई उपचार गरेका बिरामीको बिवरण ।

(ङ) ईमेजिङ्ग सेवा प्रदायकको हकमा कोभिड- १९ को शंकास्पद तथा पुष्टी भएका बिरामीलाई ईमेजिङ्ग सेवा प्रदान गरेको बिवरण ।

(च) प्रयोगशाला परिक्षणमा संलग्न जनशक्तिको हकमा नमुना संकलन गरिएका प्रयोगशाला परिक्षण गरिएका व्यक्तिको विवरण ।

(छ) सवारी चालक तथा सवारी साधनका सहयोगी जनशक्तिले बिभिन्न स्थान बाट सवारी साधनमा राखी ल्याईएका ब्यक्तिहरुको बिबरण ।

(ज) सरसफाई तथा अन्य कामगर्ने जनशक्तिले कामको बिबरण र काम गर्ने स्थानबाट प्रमाणित हाजिरी ।

**५. रकम उपलब्ध गराउने :**

(१) कोभिड -१९ को संक्रमणको पहिचान, रोकथाम,नियन्त्रण, उपचार तथा प्रेषणमा सलग्न जनशक्तिलाई जोखिम भत्ता वापतको रकम गेरुवा गाउँ कार्यपालिकाको कार्यालय बर्दियाले उपलब्ध गराउनेछ ।

(२) जोखिम भत्ता तपसिल अनुसारको जनशक्तिलाई निम्न बमोजिम जोखिम भत्ता उपलब्ध गराईनेछ :-

तपसिल

| **क्र.सं.** | **जनशक्तिको बिबरण** | **जोखिम भत्ता** |
|---|---|---|
| १ | स्वास्थ्यकर्मी | ५० प्रतिशत |
| २ | प्रयोगशालाकर्मी | १०० प्रतिशत |
| ३ | सरसफाइमा संलग्न जनसक्ति | ५० प्रतिशत |
| ४ | सवारी साधन बाट मानिस ओसार पसार गर्ने सवारी चालक र सहयोगी | ५० प्रतिशत |
| ५ | सुरक्षाकर्मी | गेरुवा गाउँ कार्यपालिका बैठकको निर्णयानुसार । |
| ६ | कोभिड-१९ को संक्रमणको पहिचान, रोगथाम, नियन्त्रण तथा उपचार,प्रेषण र ब्यबस्थापन सम्बन्धी कार्यमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा संलग्न रहेको भनी प्रमाणित गरेका जनसक्ति । | गेरुवा गाउँ कार्यपालिका बैठकको निर्णयानुसार । |

६. **अनुगमन गर्ने :** जोखिम भत्ता प्राप्त गर्ने जनशक्तिले तोकिए बमोजिमको कार्य गरे नगरेको प्रमुख प्रशासकिय अधिकृत द्वारा अनुगमन हुनेछ ।

७. **जोखिम भत्ताको अवधि :-** २०७६ चैत्र ९ गते देखी लागु हुनेगरी नेपालमा कोभिड-१९ नियन्त्रण भई सकेको वा जोखिम नरहेको भनि नेपाल सरकारले निर्णय गरेको मिति सम्म ।

८. **गेरुवा गाउँपालिकाले आबश्यक ब्यबस्था गर्ने :-** यस कार्यबिधिको कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ परेमा गेरुवा गाउँपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन आबश्यक ब्यबस्था गर्ने छ ।

९ **बिबिध :-** यस कार्यबिधिमा उल्लेख नभएका बुदाहरु ऐन,नियमावलीमा उल्लेख भए अनुसार हुने ।

आज्ञाले,

कासी प्रसाद पंगेनी

प्रमुख प्रशासकीय अधिकृत